# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष ११, अङ्क १
(२०७८ पुस १७ गतेदेखि २०७८ चैत १७ गतेसम्म)

## बागमती प्रदेशको
# मानव अधिकार अवस्था विश्लेषण

बागमती प्रदेशमा सन् २०२३ जनवरी–मार्चसम्मको अवधिमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई हेर्ने हो भने अन्यपक्षबाट महिला तथा बाल अधिकार हनन् बाहेक राज्यपक्षबाट उल्लङ्घनका घटनाहरू उल्लेखनीय र गम्भीर प्रकृतिका भएनन्।

तथापि अन्यपक्षबाट हुने मानव अधिकार उल्लङघन् र ज्यादतीका घटनाहरूमा महिला तथा बालबालिका पीडित भएका छन। विशेष गरी महिला तथा बालिकाहरू बलात्कार तथा यौन जन्य हिंसाका घटनामा पीडित भए। यसै अवधिमा संघीय संसद भवन अगाडी एक जना व्यक्तिले आफ्नै शरीरमा आगो लगाएर आत्महत्या गरेको घटना पनि सार्वजनिक भयो। साथै चार वर्षीया बालिकादेखि ६१ वर्षीया ज्येष्ठ नागरिकसम्म यौनजन्य हिंसाबाट पीडित भएको घटनामा विवरण बागमती प्रदेश कार्यालयले अभिलेख गऱ्यो।

सन् २०२३ (जनवरी–मार्च) को पहिला तीन महिनाको अवधिमा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय २१ जना महिला सहित २ सय ५१ जना पीडित भए। जसमा राज्यपक्षबाट घाइते, कुटपिट र अभिव्यक्ति स्वतन्त्रताको अधिकार उल्लङ्घनको घटनामा सात जना महिला सहित २३ जना पीडित भए। अभिलेखित घटना अनुसार कुटपिट घटनामा दुई जना, भेला अभिव्यक्ति स्वतन्त्रताका घटनामा तीन जना महिला सहित १४ जना र चार जना महिला सहित पाँच जना घाइते भए।

यसैगरी अन्यपक्षबाट १८ जना पुरुष र २ सय १० जना महिला गरी २ सय २८ जना पीडित भए। अभिलेखित घटना अनुसार तीन जना महिलासहित १० जनाको हत्या भयो। यो अवधिमा सबैभन्दा बढी महिला अधिकार उल्लङ्घनका घटनामा १ सय २१ जना महिला र बाल अधिकार उल्लङ्घनका घटनामा ७८ जना बालबालिका पीडित भए। जसमध्ये ५० जना बालिका बलात्कार, दुई जना बालिका बेचबिखन तथा ओसारपसार र २४ जना बालिका यौन दुर्व्यवहारबाट पीडित भए। साथै, महिलाविरुद्ध हुने हिंसाका घटनामा १ सय २१ जना महिला पीडित भए। जसमध्ये ३४ जना बलात्कार, सात जना बलात्कार प्रयास र पाँच जना यौन दुर्व्यवहारका घटनामा पीडित भए।

यसअघि विभिन्न आपराधिक घटनामा संलग्न आरोपितहरूमाथि पनि कानुनी कारबाही हुन

नसक्नु लगायतका कारणले ज्यादतीका घटना कम हुन सकेको छैन। महिला र बालबालिका माथि हुने हिंसाका घटना न्यूनिकरणका लागि स्थानीय सरकारले पनि स्पष्ट नीति ल्याउन नसक्नु तथा रोजगारीको अवसर नहुनु तथा बेरोजगार जनशक्ति बढ्नुले पनि महिला र बालबालिका माथि हुने हिंसा बढेर गएको छ।

यस्तो परिस्थितिमा न्यायिक तथा सुरक्षा निकायलाई सबल तथा सक्षम बनाउने, आम नागरिकलाई उनीहरूका कर्तव्य बोध गराउनेलगायतका काममा स्थानीय तहको क्षमता विकास गराउनु आजको आवश्यकता देखिन्छ। साथै स्थानीय सरकारलाई मानव अधिकार रक्षाका लागि जिम्मेवार बनाउन सके मात्रै आम नागरिकको अधिकार सुनिश्चित हुन सक्ने कुरामा दुईमत छैन।

**गणेश भण्डारी**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जनवरी–मार्च २०२३)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्म |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| अपहरण | | | | १ | | १ | १ |
| घाइते | ४ | १ | ५ | ३ | ४ | ७ | १२ |
| कुटपिट | | २ | २ | १ | ४ | ५ | ७ |
| बाल अधिकार | | | | ७९ | | ७९ | ७९ |
| अमानवीय व्यवहार | | | | | १ | १ | १ |
| हत्या | | | | ३ | ७ | १० | १० |
| जातीय विभेद | | | | १ | | १ | १ |
| अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार | ३ | ११ | १४ | | | | १४ |
| धम्की | | | | १ | १ | २ | २ |
| महिला अधिकार | | | | १२२ | | १२२ | १२२ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | | | | १ | १ | २ | २ |
| जम्मा | ७ | १४ | २१ | २१० | १८ | २३० | २५१ |

# बागमती प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०७९ पुस १७ गतेदेखि २०७९ चैत १७ गतेसम्म)

### नागरिक तथा राजनीतिक अधिकार

### सम्मानित रूपले बाँच्न पाउने अधिकार

**हत्या**

**रामेछाप**

गोकुलगंगा गाउँपालिका-४ बेतालीकी ७१ वर्षीया पद्मकुमारी खड्काको शव आधा जलेर गुन्द्रीले छोपेको अवस्थामा ०७९ फागुन ७ गते बिहान उहाँ बस्दै आएको घरमा प्रहरीले फेला पार्‍यो। घरमा एक्लै बस्दै आएकी वृद्धाको शव आधा जलेको अवस्थामा देखेपछि छिमेकीले प्रहरीमा खबर गरेका थिए। आफू बस्ने घर बिक्री गरे पनि सोही घरमा बस्दै आएकी खड्काले बिहान अबेरसम्म ढोका नखोलेपछि छिमेकीले त्यस्तो अवस्थामा शव फेला पारेका थिए। जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख डीएपी होमबहादुर पराजुलीले चुलो नजिकै कम्मर भन्दा मुनिको भाग जलेको र गुन्द्रीले छोपेर राखेको अवस्थामा शव फेला परेको बताए। शव पोष्टमार्टमको लागि मन्थली अस्पताल ल्याएको र घटनाको अनुसन्धान सुरु गरिएको पराजुलीले बताए।

### कुटपिट/धम्की

### राज्यपक्षबाट

**काठमाडौँ**

राष्ट्रपति विद्यादेवी भण्डारीको सवारीको समयमा सडकमा निस्किन खोजेको आरोपमा ०७९ माघ २७ गते प्रहरीले राष्ट्रिय ट्रमा सेन्टरका वरिष्ठ अर्थोपेडिक सर्जन डा. जनिथलाल सिंहमाथि प्रहरी वरिष्ठ हवल्दार शम्भुजंग गुरुङले कुटपिट गरे। कुटपिटबाट घाइते डाक्टर सिंहका अनुसार शुक्रबार अस्पतालमा अप्रेशन सकाएर घर फर्कने क्रममा वीर अस्पताल अघिको आकाशे पुल नजिक फुटपाथमा साइकल रोकेर राखेका बखत वरिष्ठ हवल्दार गुरुङले साइकल पार्किङमा लगेर जान भनेको र आफुंले पार्किङ अस्पतालको दुई तला मुनि छ, त्यहि बस्छु भन्दा ती प्रहरीले एक्कासी मुक्का हानेका थिए। हवल्दार गुरुङको कुटपिटबाट घाइते भएका डाक्टर सिंह वीर अस्पतालको उपचारपश्चात माघ २८ गते डिस्चार्ज भए।

### अन्यपक्षबाट

**धादिङ**

गजुरी गाउँपालिका-१ निवासी नेपाल पत्रकार महासंघ धादिङका सदस्य तथा ग्यालेक्सी फोरके टेलिभिजनका सम्वाददाता ३४ वर्षीय विकास रौनियारलाई अबैध बालुवा उद्योगको समाचार र भिडियो खिचेको आरोपमा ०७९ चैत ११ राती वालुवा उद्योग सञ्चालकहरूले कुटपिट गर्दा घाइते भए। घरमा बसेको समय गजुरी गाउँपालिका-१ गजुरीबजारमा बोलाएर गजुरी गाउँपालिका-१ का ३० वर्षीय दिनेश भण्डारी र ३० वर्षीय रोशन गुरुङले कुटपिट गर्दा रौनियार घाइते भएको पीडितले बताए। घाइते पत्रकार रौनियारको चैत ११ गते गजुरी प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो। घटनामा संलग्न आरोपितहरुलाई प्रहरीले चैत ११ गते राती गिरफ्तार गर्‍यो। आरोपित विरुद्ध चैत १२ गते इलाका प्रहरी कार्यालय गजुरीमा मुद्दा दर्ता गरिएको पीडितले बताए। घटनामा सम्लग्नहरुलाई कारबाहीको माग गर्दै नेपाल पत्रकार महासंघ धादिङले प्रेस विज्ञप्ति प्रकाशन गर्दै पत्रकारको मर्यादित पेशा प्रति सम्मान गर्न सचेत गराउँदै पत्रकारलाई निर्वाध र सुरक्षित रुपमा समाचार संकलन, प्रकाशन/प्रशारण गर्ने वातावरण निर्माण गर्न सम्बन्धित निकायसँग माग गर्‍यो।

**काठमाडौँ**

०७९ चैत गते तोकिएको स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनका लागि उम्मेदवारी मनोनयन दर्ताका क्रममा प्रदर्शनी मार्गस्थित रत्नराज्यलक्ष्मी क्याम्पसमा नेकपा (एकीकृत समाजवादी निकट) अनेरास्वविययूका कार्यकर्ताले ०७९ फागुन २७ गते नेकपा एमाले निकट अनेरास्ववियुका कार्यकर्तामाथि खुकुरी प्रहार गर्दा अनेरास्ववियुका कार्यकर्ता कैलालीका २६ वर्षीय जन्मराज उपाध्याय, सल्यानका २४ वर्षीय अनिल बोहरा र अर्घाखाँचीका २३ वर्षीय विवेक गैरे घाइते भए। घाईतेहरू तिनै जनाको हातमा चोट लागेको थियो र बागबजारस्थित काठमाडौँ मोडेल अस्पतालमा उपचार पश्चात चैत २७

गते डिस्चार्ज भए। पीडितहरूले आरोपितविरुद्ध चैत २७ गते प्रहरी वृत्त सिंहदरबारमा उजुरी दिए। प्रहरीले घटनामा संलग्न भएको आरोपमा नेकपा (एकीकृत समाजवादी निकट) अनेरास्ववियुका स्थायी कमिटि सदस्य बैतडी-मेलौली नगरपालिका-३ घर भई हाल काठमाडौँ महानगरपालिका-८ सिफल बस्दै आएका २७ वर्षीय मनोज चन्दलाई गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन २८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै आरोपितलाई हिरासतमा राखेर घटनाको अनुसन्धान गर्न अनुमति दियो।

**रामेछाप**

मन्थली नगरपालिका प्रमुख प्रशासकीय अधिकृत ४८ वर्षीय हरिप्रसाद चापागाईंलाई ०७९ फागुन २८ गते नेपाली कांग्रेस रामेछापका सचिव ४२ वर्षीय दीपक खड्काले कार्यालयमा गई अपशब्द प्रयोग गरी मोसो दल्ने धम्की दिए। मन्थली बहुमुखी क्याम्पसको स्ववियु निर्वाचनमा मनोनयनको विषयलाई लिएर खड्का नेतृत्वको टोलीले कार्यालयमा हुल हुज्जत गरी नगर कार्यपालिकाको दर्ता चलानी किताब कब्जामा लिई प्रमुख प्रशासकीय अधिकृतलाई मोसो दल्ने धम्की दिएका थिए। प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा फागुन २८ गते भएको छलफलमा समेत खड्काले प्रमुख प्रशासकीय अधिकृतलाई मोसो दल्ने धम्की दिए। छलफलमा नेपाली कांग्रेस रामेछापका सभापति एवं प्रतिनिधि सभा सदस्य पूर्णबहादुर तामाङले गल्ती भएको भन्दै क्षमा मागे। चापागाईंले उजुरी नगरेका कारण कारबाही अघि नबढेको प्रमुख जिल्ला अधिकरी सोभाखर रेग्मीले बताए। नेपाल निजामती कर्मचारी संगठनले ०७९ फागुन २९ गते विज्ञप्ति जारी गरी यस्तो कार्यले कर्मचारीलाई कार्यसम्पादनमा चुनौती थपेको बतायो। संगठनका जिल्ला अध्यक्ष रोहिणीराज जैसी र सचिव बेदराज काफ्लेलेविज्ञप्ति जारी गरी यस्ता खालका अमानवीय व्यवहार रोक्न सम्बन्धित पक्षको ध्यानाकर्षण गराए। ०७९ चैत १ गते मन्थली नगरपालिका प्रमुख लब श्रेष्ठले विज्ञप्ति जारी गरी सो कार्यको निन्दा गर्नुभयो।

**मकवानपुर**

यौनिक तथा लैङ्गिक अल्पसंख्यक महिला २८ वर्षीया दिल माया लिम्बुलाई अपरिचित व्यक्तिहरूको समुहले ०७९ चैत १२ गते साँघातिक हमला गरी ज्यान मार्ने प्रयास गरेको भनी पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित महिलाको चैत ११ गते हेटौँडा अस्पतालमा उपचार भयो। पीडितको अनुहारमा चोट र दाँत झरेको छ। पीडितले दिएको उजुरीका आधारमा प्रहरीले आरोपिहरूको खोजी गरिरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी टेकबहादुर कार्कीले बताए।

## झडप

**काठमाडौँ**

स्वतन्त्र विद्यार्थी युनियनको ०७९ चैत ५ गते तोकिएको चुनावमा कसलाई उम्मेदवार बनाउने भन्ने विषयलाई लिएर त्रिभुवन विश्वविद्यालयमा नेपाली कांग्रेसनिकट विद्यार्थी स ठन र नेपाल विद्यार्थी सङ्घ (नेविसंघ) का दुई समूहबीच ०७९ फागुन १८ गते झडप भयो। झडपमा परी लमजुङ घर भई काठमाडौँ बस्दै आएका नेपाली कांग्रेसको संस्थापन इतर पक्षका ३९ वर्षीय शिव रिमाल घाइते भए। फागुन १७ गते बसेको नेविसंघका संस्थापन इतर पक्षको बैठकले काठमाडौँ उपत्यकाभित्रका ३५ ओटा क्याम्पसमा स्ववियु निर्वाचन प्रयोजनका लागि स ठन दर्ता लगायतका काम गर्न केन्द्रीय प्रतिनिधि खटाएको थियो। बैठकबाट निर्णय भए अनुसार त्रिभुवन विश्वविद्यालय कीर्तिपुरमा उक्त समूहले प्रवीण कैनीलाई खटाइएको थियो। नेविसरको संस्थापन पक्षले कैनीको समूहलाई विश्वविद्यालयमा प्रवेश गर्न रोक्न खोज्दा दुई पक्षबीच झपड भएको थियो। संस्थापन पक्षका विद्यार्थी नेताको आक्रमणबाट टाउकोमा गम्भीर चोट लागि घाइते भएका रिमाल सानेपास्थित स्टार अस्पतालमा उपचारपश्चात फागुन २२ गते डिस्चार्ज भए। उक्त घटनामा कतैबाट उजुरी नपरेपछि कसैलाई गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एसपी सिताराम रिजालले इन्सेक प्रतिनिधिसँग बताए।

शंखरापुर नगरपालिका-३ बोझेनीमा नेपाल बिधुत प्राधिकरणले निर्माण गर्न लागेको विद्युतीय सबस्टेशनको निर्माणकार्य रोक्नुपर्ने माग गर्दै आन्दोलनमा उत्रिएका स्थानीय र प्रहरीबीच ०७९ पुस २८ गते झडप हुँदा शंखरापुर नगरपालिका-३ की ६५ वर्षीया आइती तामाङ, ३३ वर्षीया मनमाया वाईबा , २८ वर्षीय विजय तामाङ, ३१ वर्षीया माया तामाङ र ४५ वर्षीय तुलाराम तामाङ घाइते भए। घाइतेहरूको शंखरापुरस्थित सुष्मा कोईराला मेमोरियल अस्पतालमा उपचारपछि सोही दिन डिस्चार्ज भए। सोही घटनामा संलग्न भएको आरोपमा प्रहरीले शंखरापुर नगरपालिका-३ का २३ वर्षीय रोशन

तामाङ र ३६ वर्षीय फुर्साङ तामाङलाई गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेकाहरूलाई प्रहरीले प्रहरी चौकी शंखरापुरमा १ दिन राखेर पुस २९ गते रिहा गऱ्यो।

## कारागार र बन्दी

### सिन्धुपाल्चोक

चौतारा कारागारमा ०७९ पुस १७ गते बेलुका कैदीबन्दी बीच झडप हुँदा दुई जना घाइते भए। जेल भित्रको आन्तरिक प्रशासनको विषयमा विवाद हुँदा कारागारका नाइके र चौकीदारबीच विवाद भएको थियो। कारागार भित्र रहेका कैदीबन्दीबीच झडपमा घाइते हुनेमा सुनकोशी गाउँपालिका घरभई ज्यान मुद्दाका रमेश लामा र बाह्रविसे नगरपालिका घर भएका ज्यान मुद्दाका दावा लामा रहेको कारागारले जनायो। घाइतेहरूको पुस १७ गते बेलुकी चौतारा अस्पतालमा उपचार भयो। घाइते रमेश लामाको टाउकोमा सात टाँका लगाएको र दावा लामा सामान्य घाइते भएको कारागार शाखाका गौरव श्रेष्ठले बताए। झडपमा कैदीबन्दीले जेलभित्रको भित्री ढोका बन्द गरी पर्दा समेत लगाएर ढक प्रयोग गरी आक्रमण गरेका थिए। विवादमा संलग्न सात जना कैदीबन्दीलाई पुस १७ गते बेलुकादेखि जिल्ला प्रहरी कार्यालयमा राखिएको थियो भने विवाद गरी झडप गर्ने मध्ये रमेश लामालाई भिमफेदीमा र अन्यलाई पुस २० गते रामेछाप कारागार सरुवा गरेको जेल प्रशासनले बतायो। चौतारा कारागारमा एक महिना अघि मात्र नाइके र चौकीदारहरू परिवर्तन भएका थिए।

## एसिड प्रहारबाट घाइते

### सिन्धुपाल्चोक

सुनकोशी गाउँपालिका-१ ठोकर्पाका १३ वर्षीय राजकुमार पहरीलाई ०७९ फागुन ६ गते सोही ठाउँका २० वर्षीय भरत पहरीले एसिड प्रहार गरी घाइते बनाए। आरोपितले स्थानीय दोबाटोमा आगो बालेर ताप्न खोज्दा एसिड प्रयोग गरेको र एसिडबाट बालक घाइते भएको पीडितका छिमेकी सम्झना पहरी बताए। पीडित पक्षले फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन ७ गते गिरफ्तार गऱ्यो। पीडितको उपचार एकएक पाइला अस्पताल ठोकर्पामा भयो। जिल्ला अदालतको फागुन २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

## भेला तथा अभि

### काठमाडौँ

शंकरापुर नगरपालिका-३ बोझेनीमा नेपाल विद्युत प्राधिकरणले निर्माण गर्न लागेको सबस्टेशन र प्रसारण लाइन निर्माण रोक्नुपर्ने माग गर्दै आन्दोलनमा उत्रिएका शंखरापुर् नगरपालिका-३ का ३६ वर्षीय जयमान वाइवा, ३२ वर्षीय राजमान स्याङबो र ४७ वर्षीय लवाङ तामाङलाई०७९ पुस १७ गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेका उनीहरूलाई प्रहरीले इलाका प्रहरी कार्यालय साँखुमा ५ घण्टा राखरे त्यही दिन बेलुकी रिहा भए।

शंकरापुर नगरपालिका-३ बोझेनीमा नेपाल बिधुत प्राधिकरणले निर्माण गर्न लागेको सबस्टेशन र प्रसारण लाइन निर्माण रोक्नुपर्ने माग गर्दै आन्दोलनमा उत्रिएका शंखरापुर् नगरपालिका-३ का ४० वर्षीय रामसानी तामाङ र ३५ मेनुका सुबेदीलाई०७९ पुस २० गते प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेका उनीहरूलाई प्रहरीले ईलाका प्रहरी कार्यालय साँखुमा ६ घण्टा राखेर सोही दिन बेलुकी रिहा गऱ्यो।

सर्बोच्च अदालतको संवैधानिक इजलासले गृहमन्त्री रवि लामिछानेको नागरिकता खारेज गरेको फैसला विरुद्ध ०७९ माघ १३ गते प्रदर्शनमा उत्रिएका चितवनकी ४४ वर्षीया तर बराल, बाग्लुङका ३२ वर्षीय सोम शर्मा र काठमाडौँका २४ वर्षीय पुकार बमलाई प्रहरीले माइतिघरबाट गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेकाहरूलाई प्रहरीले नगर प्रहरी कार्यालय भृकुटीमण्डपमा चार घण्टा राखेर सोही दिन बेलुकी रिहा गऱ्यो।

सार्वजनिक विद्यालय सुधार गर्नुपर्ने माग गर्दै रानीपोखरीस्थित दरबार हाईस्कुल प्राङ्गणमा ०७९ माघ २९ गतेदेखि अनसन बसेका गोरखा जिल्लाका ४० वर्षीय प्रकाश न्यौपानेलाई काठमाडौँ महानगरपालिका प्रहरी बलले ०७९ फागुन २ गते गिरफ्तार गरेर प्रहरी वृत्त दरबारमार्गमा लग्यो। सार्वजनिक विद्यालयलाई सबै प्रकारका राजनीतिक हस्तक्षेपबाट मुक्त राख्ने गरि कानुनी व्यवस्था गर्नुपर्ने, साथै कुनै पनि शिक्षकले कुनै पनि राजनीतिक दलको भातृ संस्थाको सदस्य बन्न नपाउने लगायत १६ बुँदे माग राख्दै अनशनमा बसेका थिए। दरबारमार्ग प्रहरीले न्यौपानेको स्वास्थ्यमा समस्या देखिएको भन्दै सोही दिन वीर अस्पतालमा भर्ना गऱ्यो। वीर अस्पतालमा भर्ना भएको ५ दिनपछि न्यौपाने अस्पतालबाट डिस्चार्ज भए।

५८ औं अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मुलन दिवसका अवसरमा २०७९ चैत ७ गते आयोजित कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले थापागाउँस्थित बानेश्वर ब्यांकेटमा सम्बोधन गर्न जाँदै गर्दा नाराबाजी गरेको आरोपमा प्रहरीले सोलुखुम्बुका २३

वर्षीय उद्धव बस्नेत, बाग्लुङका ३० वर्षीय सोम शर्मा र बझाङका १८ वर्षीय विप्लव खड्कालाई गिरफ्तार गर्‍यो। जिल्ला प्रशासन कार्यालय काठमाडौंले गिरफ्तारीमा परेका तिनै जना युवालाई अभद्र व्यवहारको कसुरमा चैत ८ गते ५ दिन थुनामा राखेर अनुसन्धान गर्न प्रहरी वृत्त नयाँ बानेश्वरलाई अनुमति दियो। सोही मुद्दामा काठमाडौँका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले चैत १२ गते रिहाईका लागि आरोपितसँग ५ हजार रुपैयाँ धरौटी माग गरेका थिए। तर प्रमुख जिल्ला अधिकारीले तोकेको धरौटी रकम तिर्न अश्वीकार गरेपछि आरोपितहरूलाई डिल्लीबजार कारागारमा पठाइयो। तर आरोपितहरूले ०७९ चैत १४ गते प्रमुख जिल्ला अधिकारी समक्ष धरौटी रकम बुझाएपछि सोही दिन कारागारबाट रिहा भए।

## बाल अधिकार

### हत्या

#### काठमाडौँ

काठमाडौं महानगरपालिका-१० स्थित टंकप्रसाद मार्गको एक घरमा ०७९ माघ २१ गते बाबुले छुरा प्रहार गरेर ७ वर्षीया छोरीको हत्या गरे। रामेछाप खाँडादेवी गाउँपालिका-८ घर भई बानेश्वरमा डेरा गरी बस्दै आएका ४२ वर्षीय किशोर भण्डारीले ७ वर्षीया छोरीको हत्यापछि आफूले झुन्डिएर आत्महत्या गरेका थिए। जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता दिनेशराज मैनालीका अनुसार शारिरीक रूपमा कमजोर अवस्थामा रहेकी छोरीको उपचारमा पैसा जुटाउन नसकेपछि भण्डारीले छोरीको हत्या गरेपछि भण्डारीले घाँटीमा पासो लगाएर आत्महत्या गरेको प्रहरीको अनुसन्धानबाट खुलेको थियो। एसपी मैनालीका अनुसार माघ २१ गते नै पत्नी र ६ महिने छोरालाई पेप्सिकोलास्थित आफन्तको घरमा पठाएपछि भण्डारीले आफ्नो डेरा कोठामा पहिला छोरीको हत्या गरेर पछि आफूले पासो लगाएका थिए। पीडितको शवको पोस्टमार्टम त्रिविवि शिक्षण अस्पताल महाराजगंजमा माघ २२ गते भएपछि आफन्तले माघ २३ गते पशुपति आर्यघाटमा शवको सद्गत गरे।

### झडप

#### मकवानपुर

भीमफेदी गाउँपालिका-६ स्थित महेन्द्र माध्यमिक विद्यालयका छात्रहरूमाथि ०७९ पुस १८ गते कक्षामा ८ अध्ययनरत् १४ वर्षीय छात्रमाथि कक्षा ९ र १० मा अध्ययनरत् तीन जना छात्रहरूले कुटपिट गरेर घाइते बनाए। विद्यार्थी-विद्यार्थीबीच दैनिक झैझगडा गर्ने र कक्षा कोठामा समेत अनावश्यक रूपमा होहल्ला गर्ने छात्र विद्यार्थीहरूलाई विद्यालयका प्रधानाध्यापक, शिक्षक र वडा कार्यालयका जनप्रतिनिधिहरूको रोहबरमा पुस १८ गते इलाका प्रहरी कार्यालय भीमफेदीले सजाय दियो। इलाका प्रहरी कार्यालय भीमफेदीले ८, ९ र १० कक्षामा अध्ययनरत २८ जना छात्रलाई सम्झाउने र कपाल काटेर पठाएको इप्रका भीमफेदीका इन्चार्ज इन्स्पेक्टर प्रतिमा कार्कीले बताए। कुटपिटबाट बालकको कानमा चोट लागेको र हेटौँडा अस्पतालमा उपचारपछि घरमा आराम गरिरहेको विद्यालयका प्रधानाध्यापक सनतकुमार घिसिङले बताए। विद्यार्थीहरूको सामुहिक कपाल काटिदिएर विद्यालय तथा प्रहरी प्रशासनले अपमानजनक व्यवहार गरेको भनी विद्यार्थी तथा अभिभावकको गुनासोपछि राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौँडा, सिविन बाल हेल्पलाईन मकवानपुर र इन्सेक जिल्ला प्रतिनिधिले पुस १९ गते घटनामा बारेमा स्थलगत अनुगमन गर्‍यो। अनुगमनका क्रममा पीडित बालकहरूले घटनामा संलग्न नभए तापनि प्रहरी तथा विद्यालय प्रशासनले जबरजस्ती इलाका प्रहरी कार्यालयमा लगि कपाल काटिदिएको गुनासो गरेका छन्। अनुगमन टोलिले विद्यार्थीहरूसँगको छलफल र विद्यालय प्रशासन तथा प्रहरीसँग छुट्टाछुट्टै छलफल गरी कुनै पनि बहानामा विद्यार्थीहरूमाथि कुनै प्रकारको हिंसा तथा अपमानजनक व्यवहार हुन नदिन सचेत गराएको छ। राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय हेटौँडाका अधिकृत रेवा रेग्मीले विद्यालयमा भएको घटनालाई प्रहरीसम्म पुर्‍याउने र विद्यार्थीलाई प्रहरी कार्यालयमा लानुनै गलत भएको बताए।

घटनापछि सिर्जित वातावरणलाई समाधान गर्न पुस १९ गते विद्यार्थी, अभिभावक, शिक्षक, प्रहरी र, विद्यालय व्यवस्थापन समितिको बैठक बस्यो। बैठकले विद्यार्थी, शिक्षकको आचरण, विद्यालयको आचारसंहिता र नियमको पूर्ण पालना गर्ने र आगामी दिनहरूमा विद्यार्थीहरूमा कुनै किसिमको अपमानजनक व्यवहार नदोहोरिने प्रतिवद्धता जनायो।

### मानव बेचबिखन तथा ओसारपसार

#### नुवाकोट

तादी गाउँपालिका-३ घर भई विदुर नगरपालिका-४ बट्टारमा बस्दै आएकी १३ वर्षीया सविना सुनारलाई ०७९ माघ ११ गते भारतमा बिक्रीको लागि लैजाने क्रममा विरगञ्जबाट उद्धार गरिएको घटनामा संलग्न भएको आरोपमा पर्सा जिल्ला पुसौनी गाविस- ७ की ४३ वर्षीया अनितादेवी नुनियाइने विरुद्ध जिल्ला प्रहरी कार्यालयमा माघ १५ गते उजुरी दर्ता भयो। प्रहरीले

आरोपितलाई विरगञ्जबाट गिरफ्तार गरी नुवाकोट ल्याएर मानव बेचबिखन तथा ओसारपसारमा मुद्धा दर्ता गरी अनुषन्धान अघि बढायो। घटनाका आरोपिहरू २० वर्षीया वर्षाकुमारी नुनियाइने र भारत मोतिहारीका २४ वर्षीय दिपु सहनी फरार रहेका छन्। आरोपित अनितादेवीलाई जिल्ला अदालतले फागुन ११ गते पुर्पक्षको लागि थुनामा पठायो।

### अपहरण
**काठमाडौँ**

१० वर्षीय बालकलाई अपहरण गरेको आरोपमा प्रहरीले धादिङ घर भई हाल तारकेश्वर नगरपालिका-६ लोलाङ बस्दै आएकी ३२ वर्षीया पुञ्ज गुरुङ, सोही ठाउँ बस्दै आएका ४५ वर्षीय कृष्ण तामाङ र ३० वर्षीय सुदिप बुढामगरलाई ०७९ माघ १० गते गिरफ्तार गऱ्यो। आरोपितले पहिले लागेको ८ लाख रुपैयाँ नदिएको आरोपमा १० वर्षीय छोरा फारेङ कार्कीलाई ०७९ माघ ५ गते अपरहण गरेको भन्दै पीडितकी आमाले प्रहरी वृत्त बालाजुमा माघ १० गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन लोलाङबाट गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन ५ गते मुद्दा दर्ता गऱ्यो। उक्त मुद्दामा अदालतले फागुन ११ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### बलात्कार, यौन दुर्व्यवहार
**सिन्धुपाल्चोक**

११ वर्षीया बालिकालाई ०७९ पुस २५ गते बलात्कार गरेको आरोपमा इन्द्रावती गाउँपालिका-१ सिंपालकाभ्रे स्थायी घरभई सोहि गाउँपालिका-४ स्थित भेडिचौरमा बस्ने ३८ वर्षीय गणेशबहादुर थापाविरुद्ध पीडितकी आमाले ०७९ पुस २६ गते इलाका प्रहरी कार्यालय नवलपुरमा उजुरी दिएकी थिइन्। प्रहरीले आरोपितलाई पुस २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २६ गते नवलपुर अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

११ वर्षीया बालिकालाई ०७९ फागुन २१ गते बलात्कार गरेको आरोपमा १६ वर्षीय बालकविरुद्ध पीडितकी आमाले फागुन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। प्रहरीले आरोपितलाई फागुन २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २३ गते चौतारा अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत ९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ९ गतेको आदेशले आरोपितलाई बालसुधार गृह भक्तपुर पठायो।

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी–मार्च २०२३)**

| | |
|---|---|
| बलात्कार | ५0 |
| यौन दुर्व्यवहार | २४ |
| बेचबिखन तथा ओसारपसार | २ |
| विद्यालयमा शारीरिक सजाय | ३ |
| जम्मा | ७९ |

१६ वर्षीया बालिकालाई ०७९ माघ २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा १४ वर्षीय बालकविरुद्ध पीडितकी आमाले माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। प्रहरीले आरोपितलाई माघ २५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २५ गते चौतारा अस्पतालमा भयो। आरोपित बालकले कसुर गरेको सवुद प्रमाण फेला नपरेकोले जिल्ला प्रहरी कार्यालयले जिल्ला सरकारी वकीलको अनुमति लिएर आरोपित बालकलाई फागुन ९ गते अभिभावकको जिम्मामा रिहा गरी घर पठायो।

१७ वर्षीया बालिकालाई ०७९ फागुन १२ गते यौन दुर्व्यवहार गरेको आरोपमा इन्द्रावती गाउँपालिका-११ का ३६ वर्षीय रामकुमार दनुवारविरुद्ध पीडितले फागुन १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी थिइन्। प्रहरीले आरोपितलाई फागुन १२ गत गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १३ गते चौतारा अस्पतालमा भयो। जिल्ला अदालतको चैत १ गतेको आदेशले आरोपितलाई ३५ हजार रुपियाँ धरौटी बुझाएर तारिखमा रिहा गर्ने आदेश दियो।

### धादिङ

१३ वर्षीया बालिकालाई ०७९ माघ १० गते बलात्कार गरेको आरोपमा ४६ वर्षीय बाबुविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १२ गते गिरफ्तार गर्‍यो। आरोपितले बालिकालाई पटक पटक बलात्कार गर्ने गरेको र बिरामी परेको अवस्थामा माघ ११ गते उद्धार गरी सहयात्री समाजले सञ्चालन गरेको सुरक्षित आवास गृहमा राखिएको छ। पीडित बालिकाको माघ १२ गते धादिङ अस्पतालमा उपचार भयो। आरोपित विरुद्ध माघ १२ गते हाडनाता करणी अन्तर्गत उजुरी दर्ता भई अनुसन्धानका लागि जिल्ला अदालतबाट हिरासतमा राख्नका लागि ५ दिनको म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालय धादिङका इन्सपेक्टर रमेश थापाले बताए।

प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन ८ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०७९ माघ ८ गते बलात्कार गरेको आरोपमा रुबीभ्याली गाउँपालिका-६ का ४६ वर्षीय चित्रबहादुर तामांलाई पीडितले माघ १८ गते जिल्ला प्रहरी कार्यालयका उजुरी दर्ता भएको छ। पीडित सुतेकै अवस्थामा नीलकण्ठ नगरपालिका-१२ साङकोष अस्थाई घरमा बलात्कार गरेको पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पटक पटक बलात्कार गर्ने गरेको र बालिका बिरामी परेको अवस्थामा माघ ११ गते उद्धार गरि सहयात्री समाजले सञ्चालन गरेको सुरक्षित आवास गृहमा राखिएको थियो। पीडित बालिकाको माघ १२ गते धादिङ अस्पतालमा स्वास्थ्य उपचार भयो। आरोपित विरुद्ध माघ १२ गते हाडनाता करणी अन्तर्गत उजुरी दर्ता भई अनुसन्धानका लागि जिल्ला अदालतबाट हिरासतमा राख्नका लागि ५ दिनको म्याद थप गरिएको जिल्ला प्रहरी कार्यालय धादिङका इन्सपेक्टर रमेश थापाले बताउनु भयो। पीडितको माघ २० गते काठमाडौँ स्थित थापाथली अस्पतालमा गर्भपतन समेत गराइएको थियो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन ८ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको फागुन ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

६ वर्षीया बालिकालाई ०७९ फागुन १५ गते बलात्कार गरेको आरोपमा ११ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन १७ गते कार्यालयमा उजुरी दियो। आरोपितलाई इलाका प्रहरी कार्यालय गजुरीको प्रहरीले सोही दिने गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १७ गते धादिङ अस्पतालमा भयो। आरोपितलाई फागुन १७ गते परिवारको जिम्मा लगाइ पठाइएको जिल्ला प्रहरी कार्यालयका डीएसपी सन्तुलाल प्रसाद जैसवालले बताए। मुद्दा जिल्ला अदालतमा बिचाराधिन छ।

१४ वर्षीया बालिकालाई ०७९ फागुन ७ गते यौन दुर्व्यवहार गरेको आरोपमा सिद्धलेक गाउँपालिका-७ का ५५ वर्षीय चन्द्रमान श्रेष्ठविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई इलाका प्रहरी कार्यालय गजुरीको प्रहरी टोलीले माघ १० गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ १० गते धादिङ अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन २९ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतको सोही दिनेको आदेशले आरोपितलाई १० हजार धरौटीमा रिहा गर्ने आदेश दियो।

### काठमाडौँ

११ वर्षीया बालिकालाई २०७९ पुस २० गते यौन दुर्व्यवहार गरेको भन्दै सिन्धुपाल्चोकको बार्हबिसे नगरपालिका-५ घर भई हाल म्हेपी बस्दै आएका २८ वर्षीय सरोज तामाङविरुद्ध पीडितका आफन्तले पुस २० गते प्रहरी वृत्त लैनचौरमा उजुरी दिए। प्रहरीले आरोपितलाई पुस २४ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा पुस २५ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। जल्ला अदालतको माघ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पाठयो।

१७ वर्षीया बालिकालाई २०७९ पुस २८ गते बलात्कार गरेको आरोपमो कैलालीका ३६ वर्षीय दिपेन्> कुमार चौधरी र ईलामका २३ वर्षीय सुर्यबहादुर मगरविरुद्ध पीडितका आफन्तले माघ ४ प्रहरी वृत्त बौद्धमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ ४ गते गोकर्णेश्वरबाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ ५ गते मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न

अनुमति दियो। जिल्ला अदालतको माघ २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

८ र ७ वर्षीया दुई जना बालिकालाई २०७९ माघ ३ गते बलात्कार गरेको आरोपमा १३ वर्षीय बालकविरुद्ध पीडितका आफन्तले माघ ९ गते प्रहरी वृत्त बौद्धमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ ९ गते मनोहराबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ ९ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। जिल्ला अदालतको फागुन ५ गतेको आदेशले आरोपित बालकलाई बालसुधार गृह भक्तपुरमा पठायो।

१४ वर्षीया बालिकालाई २०७९ माघ १३ गते बलात्कार गरेको आरोपमा १५ वर्षीय बालकविरुद्ध पीडितका आफन्तले माघ १४ गते प्रहरी वृत्त लैनचौरमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ १४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १४ गते थापाथलीस्थित प्रसुति गृहमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १५ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। जिल्ला अदालतको फागुन १० गतेको आदेशले आरोपितलाई भक्तपुरस्थित सुधार गृहमा पठाउन आदेश दियो।

१२ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले भारत घर भई हाल बुढानिलकण्ठ नगरपालिका-६ च्यासिङडोल बस्दै आएका ३० वर्षीय सुनिल शाहलाई ०७९ माघ १७ गते डेराकोठाबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई माघ १२ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त महाराजगंजमा माघ १३ गते उजुरी दिएपछि घटनाको अनुसन्धानमा खटिएको प्रहरीले आरोपितलाई माघ १७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ १३ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले फागुन १२ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१२ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले भिमेश्वर नगरपालिका-१ दोलखा घर भई हाल गोकर्णेश्वर नगरपालिका-८ माकलबारी बस्दै आएका २६ वर्षीय सबिन घतानीलाई ०७९ माघ १६ गते माकलबारीबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई पुस २८ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त बौद्धमा माघ १६ गते उजुरी दिएपछि घटनाको अनुसन्धानमा खटिएको प्रहरीले आरोपितलाई माघ १६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ १६ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले फागुन १२ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले रोल्पा जिल्ला त्रिवेणी गाउँपालिका- ४ घर भई हाल गोकर्णेश्वर नगरपालिका-४ नयाँ बस्ती बस्दै आएका २६ वर्षीय मनिलाल योगीलाई ०७९ माघ ३ गते बौद्धबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई माघ २ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त बौद्धमा माघ ३ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ ३ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ ९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले फागुन ४ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले प्युठान जिल्ला स्वर्गद्वारी नगरपालिका-४ घर भई हाल तारकेश्वर नगरपालिका-१० शुभकामना चोक बस्दै आएका २५ वर्षीय मंजिव सुनारलाई ०७९ माघ २२ गते डेराकोठाबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई माघ २० गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त बालाजुमा माघ २२ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ २२ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ २७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले

फागुन १८ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले धादिङको गंगाजमुना गाउँपालिका-९ घर भई काठमाडौँ नागार्जुन नगरपालिका-४ सितापाईला बस्ने ३४ वर्षीय सुरज अधिकारीलाई ०७९ फागुन ९ गते गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई काठमाडौं महानगरपालिका-१५ कारखाना चोकस्थित होटलमा लगेर बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त स्वयम्भुमा फागुन ८ गते उजुरी दिएपछि अनुसन्धानमा खटिएको प्रहरीको टोलीले आरोपितलाई फागुन ९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा फागुन ८ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन १० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले चैत ३ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सिन्धुपाल्चोक थाङपाल गाउँपालिका-१ घर भएका २२ वर्षीय सुनिल गहतराजलाई प्रहरीले ०७९ फागुन २८ गते थानकोटबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई माघ २७ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त थानकोटमा माघ २८ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ २८ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन २९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले फागुन २५ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले सोलुखुम्बुको दुधकुण्ड नगरपालिका-१० घर भई हाल गोकर्णेश्वर नगरपालिका-२ ट्वाखा बस्दै आएका २३ वर्षीय बिरे मगरलाई ०७९ फागुन ३ गते गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई गोकर्णेश्वर नगरपालिका-२ नयाँपाटीमा मा माघ २५ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त बौद्धमा फागुन ३ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा फागुन ३ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन २८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१७ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले कागेश्वरी मनोहरा नगरपालिका-५ आलापोट घर आएका २४ वर्षीय दिपेश श्रेष्ठलाई ०७९ फागुन १८ गते गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई ०७९ फागु १८ गते आलापोटमा बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त बौद्धमा सोही दिन उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा फागुन १८ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत १२ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१२ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले काभ्रेपलान्चोक जिल्लाको धुलिखेल नगरपालिका-११ घर भएका १८ वर्षीय बिशाल तामाङलाई ०७९ फागुन २० गते गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई ०७९ फागुन १८ गते गोकर्णेश्वर नगरपालिका-५ नयाँबस्तिमा बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त बौद्धमा सोही दिन उजुरी दिएपछि प्रहरीले आरोपितलाई फागुन २० गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा फागुन १८ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत १० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१० वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले भक्तपुरको सुर्यविनायक नगरपालिका-८ घर भएका ३९ वर्षीय बिनोद तामाङलाई ०७९ फागुन २० गते सुन्दरीजलबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई ०७९ फागुन २१ गते गोकर्णेश्वर नगरपालिका-५ नयाँबस्तिमा बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त बौद्धमा सोही दिन उजुरी दिएपछि प्रहरीले आरोपितलाई फागुन २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा फागुन २१ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत १४ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला

अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१५ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले शंखरापुर नगरपालिका-९ सानागाउँ लाकिल घर भएका २० वर्षीय एलिस श्रेष्ठलाई ०७९ फागुन १६ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई ०७९ फागुन ११ गते शंखरापुर नगरपालिका-९ सानागाउँमा बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त बौद्धमा फागुन ११ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई फागुन १६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा फागुन १६ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत १० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१४ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा झापाको भद्रपुर नगरपालिका-२ घर भई हाल काठमाडौं महानगरपालिका-२ लाजिम्पाटमा बस्दै आएका ३८ वर्षीय राजु आले मगरलाई प्रहरीले पुस २३ गते सोही ठाउँबाट गिरफ्तार गऱ्यो। पीडितलाई आरोपितले पुस २२ गते घुमाउने बहानामा ललाई फकाई यौन दुर्व्यवहार गरेको भन्दै आरोपित विरुद्व पीडितका आफन्तले पुस २३ गते प्रहरी वृत्त दरबारमार्गमा उजुरी दिएका थिए। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा पुस २३ गते भयो। प्रहरीले जिल्ला सरकारी कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा पुस २४ गते दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो।

१५ वर्षीया बालिकालाई बलात्कार प्रयास गरेको आरोपमा प्रहरीले लमजुंङको बेशीशहर नगरपालिका-७ घर भई हाल टोखा नगरपालिका-१० सामाखुसी बस्दै आएका ५३ वर्षीय प्रताप सिंह थापालाई प्रहरीले ०७९ पुस २२ गते गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई पुस १९ गते बलात्कार प्रयास गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त महाराजगंजमा पुस २० गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई पुस २२ गते गोंगबुबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा पुस २० गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा पुस २२ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले माघ १६ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१५ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले चन्द्रागिरी नगरपालिका-६ घर भई भएका ४० वर्षीय मोहन तामाङलाई ०७९ पुस २२ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई पुस २२ गते यौन दुर्व्यवहार गरेको भन्दै सोही दिन प्रहरी वृत्त थानकोटमा उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा पुस २२ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा पुस २४ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले माघ १८ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१२ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले नुवाकोट घर भई हाल तारकेश्वर नगरपालिका-९ मनमैजु बस्दै आएका ३५ वर्षीय रमेश परियारलाई ०७९ माघ १५ गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई माघ १४ गते यौन दुर्व्यवहार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त बालाजुमा माघ १५ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन मनमैजुबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ १५ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले फागुन १२ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

४ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले भारत घर भई हाल चन्द्रागिरी नगरपालिका-११ बस्दै आएका ६४ वर्षीय ताज हुसैनलाई ०७९ माघ १५ गते थानकोटबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई माघ १४ गते यौन दुर्व्यवहार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त थानकोटमा माघ १५ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ १५ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न

अनुमति दियो। सोही मुद्दामा अदालतले फागुन १० गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१२ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले नुवाकोट घर भई हाल तारकेश्वर नगरपालिका-९ मनमैजु बस्दै आएका ३५ वर्षीय रमेश परियारलाई ०७९ माघ १५ गते मनमैजुबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई माघ १४ गते यौन दुर्व्यवहार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त बालाजुमा माघ १५ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ १५ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ २२ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले फागुन १० गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

१२ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले पर्सा जिल्ला ठोरी गाउँपालिका-६ घर भई हाल काठमाडौं महानगरपालिका-६ बौद्ध बस्दै आएका ३० वर्षीय लोक बहादुर श्रेष्ठलाई ०७९ माघ २३ गते डेरा कोठाबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई माघ २१ गते यौन दुर्व्यवहार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त बौद्धमा माघ २३ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ २३ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ २४ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले फागुन १९ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

**भक्तपुर**

१७ वर्षीया बालिकालाई ०७९ माघ १६ गते मध्यपुरथिमि नगरपालिका-४ बालकुमारी जंगलमा बलात्कार गरेको भन्दै १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ १७ गते प्रहरी वृत्त थिमिमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १७ गते भक्तपुर अस्पतालमा भयो। घटनाको हालसम्म अनुसन्धान भइरहेको छ।

१५ वर्षीया बालिकालाई ०७९ माघ १८ गते सूर्यविनायक नगरपालिका-९ लाकुरी जङ्गलमा बलात्कार गरेको भन्दै मुगु जिल्ला सोरु गाउँपालिका-३ स्थायी घर भएका २१ वर्षीय भक्त नेपालीविरुद्ध पीडित बालिकाले सोही दिन प्रहरी वृत्त जगातीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ १८ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १८ गते भक्तपुर अस्पतालमा भयो। घटनाको हालसम्म अनुसन्धान भइरहेको छ।

११ वर्षीया बालकिालाई ०७९ पुस २४ गते बलात्कार गरेको भनदै २७ वर्षीय सौतेनी बाबुविरुद्ध पीडित बालिकाकी आमाले माघ १७ गते प्रहरी वृत्त जगातीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ १७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण सोही दिन भक्तपुर अस्पतालमा गऱ्यो। घटनाबारे अनुसन्धान भइरहेको छ।

१३ वर्षीया शारीरिक र मानसिक रुपमा अशक्त बालिकालाई ०७९ फागुन ६ गते बलात्कार गरेको भन्दै रामेछाप जिल्ला सुनापाती गाउँपालिका-३ घरभई हाल भक्तपुर चाँगुनारायण नगरपालिका-५ छालिङ बस्ने १८ वर्षीय अनिल तामाङविरुद्ध पीडित बालिकाका बाबुले ०७९ फागुन ७ गते प्रहरी परिसर भक्तपुरमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन ८ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ७ गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा फागुन ८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह भक्तपुर पठायो।

१४ वर्षीया बालिकालाई ०७९ माघ २२ गते बलात्कार गरेको भन्दै सोलुखुम्बु जिल्ला सोलु, दुधकुण्ड नगरपालिका-३ घरभई हाल काठमाडौं कोटेश्वर बस्ने १९ वर्षीय लाक्पा ग्याल्जेन तामाङविरुद्ध पीडित बालिकाकी आमाले माघ २७ गते प्रहरी वृत्त जगातीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ २७ गते कोटेश्वरबाट गिरफ्तार गऱ्यो। प्रहरीले बालिका बलात्कारमा सहयोगी भूमिका निर्वाह गरेको आरोपमा खाजा घर सञ्चालन गर्ने सोलुखुम्बु सोलु, दुधकुण्ड नगरपालिका-३ घरभई हाल भनपा-९ ब्रम्हायणीमा खाजा घर सञ्चालन गर्ने काइली तामाङलाई पनि प्रहरीले खाजाघरबाटै माघ २७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको भक्तपुर अस्पतालमा माघ २७ गते स्वास्थ्य परीक्षण गऱ्यो। यो घटनामा प्रहरीले अनुसन्धान गरिरहेको

छ।

१५ वर्षीया बालिकालाई ०७९ फागुन १२ गते साथीको जन्मदिन मनाउन नगरकोट गएको बेलामा बलात्कार गरेको भन्दै अछाम जिल्ला मेल्लेख गाउँपालिका-६ षेडशादेवी घरभई हाल सूर्यविनायक नगरपालिका-१ बालकोट बस्ने २० वर्षीय उमेश रावलविरुद्ध पीडित बालिकाले फागुन १३ गते प्रहरी परिसर भक्तपुरमा उजुरी दिइन्। पीडित बालिकाको स्वास्थ्य परीक्षण सोही दिन भक्तपुर अस्पतालमा गऱ्यो। आरोपितलाई प्रहरीले फागुन १४ गते गिरफ्तार गऱ्यो। यो घटनामा प्रहरीले अनुसन्धान गरिरहेको छ।

१६ वर्षीया बाालिकलाई ०७९ फागुन २६ गते बलात्कार गरेको भन्दै ललितपुर जिल्ला गोदावरी नगरपालिका-१० झ्यालुङ्टार बस्ने १८ वर्षीय निकेश परियारविरुद्ध पीडित बालिकाकी आमाले फागुन २६ गते प्रहरी परिसर भक्तपुरमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन २७ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वासथ्य परीक्षण फागुन २७ गते भक्तपुर अस्पतालमा गरियो। घटनाको बारेमा अनुसन्धान गरिरहेको छ।

१७ वर्षीय किशोरीलाई ०७९ फागुन ५ गते बलात्कार गरेको भन्दै दोलखा जिल्ला घरभई हाल मध्यपुरथिमि नगरपालिका-१ लोकन्थली बस्ने २५ वर्षीय जय भन्ने श्री थापाविरुद्ध पीडित बालिकाकी आमा कमला तामाङले फागुन १६ गते प्रहरी वृत्त थिमिमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले फागुन १६ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १६ गते भक्तपुर अस्पतालमा गरियो। घटनाकोबारेमा अनुसन्धान गरिरहेको छ।

१५ वर्षीया बालिकालाई ०७९ पुस १९ गते बाल यौन दुर्व्यवहार गरेको भन्दै चाँगुनारायण नगरपालिका-३ का ५० वर्षीय भरत पुर्कुटीविरुद्ध पीडित बालिकाको बुबाले पुस २० गते प्रहरी परिसर भक्तपुरमा जोहरी उजुरी दिए। आरोपितलाई प्रहरीले पुस २० गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २० गते भक्तपुर अस्पतालमा गरियो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध बाल यौन दुरुपयोग अभियोगमा जिल्ला अदालतमा पुस २० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको पुस २६ गतेको आदेशले आरोपितलाई १५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

१५ वर्षीया पुनमगर महिलालाई ०७९ माघ १ गते यौन दुर्व्यवहार गरेको भन्दै रोल्पा जिल्ला रुन्टीगढी गाउँपालिका-३ जुर स्थायी घरभई हाल चाँगुनारायण नगरपालिका-९ हनुमान इटा भट्टाको झ्यालीमा बस्ने ३३ वर्षीय जोखलाल पुनमगरविरुद्ध पीडित पक्षले माघ ३ गते प्रहरी वृत्त जगातीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ ३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ३ गते भक्तपुर अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा माघ ३ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**ललितपुर**

१२ वर्षीया बालिकालाई २०७९ पुस २२ गते बलात्कार गरेको भन्दै उदयपुर जिल्ला गाईघाट नगरपालिका-७ घरभइ ललितपुर महानगरपालिका-२८ हरिसिद्धिमा बस्ने २८ वर्षीय सुरे› बहादुर राईविरुद्ध पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी वृत्त सातदोबाटोमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते पाटन अस्पताल भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ १८ गते जिल्ला अदालत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१२ वर्षीया बालिकालाई २०७९ पुस २४ गत बलात्कार गरेको भन्दै ललितपुर महानगरपालिका-२८ हरिसिद्धिका २७ वर्षीय सौतेला बाबु जय लिम्बु विरुद्ध पीडितकी आमाले पुस २६ गते प्रहरी वृत्त सातदोबाटोमा उजुरी दिइन। प्रहरीले आरोपितलाई पुस २६ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २२ गते जिलला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०७९ पुस ३० गते बलात्कार गरेको भन्दै ललितपुर महानगरपालिका-१५ का १६ वर्षीय आयुष थापा पीडित पक्षले आरोपितविरुद्ध माघ १५ गते प्रहरी वृत्त सातदोबाटोमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १६ गते नै पाटन अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा फागुन ११ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई २०७९ पुस २१ गते यौन

दुर्व्यवहार गरेको आरोपमा भारतको उत्तर प्रदेश राज्यको बलिया जिल्ला घर भइ महालक्ष्मी नगरपालिका-८ लुभुमा बस्ने २१ वर्षीय रामकरण साव बिरुद्ध पुस २२ गते पीडित पक्षले प्रहरी वृत्त सातदोबाटोमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २६ गते नै पाटन अस्पताल ललितपुरमा भयो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०७९ पुस २९ गते यौन दुर्व्यवहार गरेको भन्दै पर्सा जिल्ला बिरगन्ज महानगरपालिका-२२ घर भई ललितपुर महानगरपालिका-१५ हात्तीवन बस्ने ५० वर्षीय कजय बम मल्लविरुद्ध पीडित पक्षले माघ २ गते जिल्ला प्रहरी वृत्त सातदोबाटोमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ ३ गते पाटन अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ ३ गते गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**काभ्रे**

नौ वर्षीया बालिकालाई ०७९ माघ १ गते बलात्कार गरेको आरोपमा आफ्नै मामाविरुद्ध बालिकाकी आमाले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ ६ गते बनेपास्थित कोठाबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ६ गते शीरमेमोरियल अस्पतालमा भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले फागुन १८ गते जिल्ला अदालत पेश गरेकोमा न्यायाधीश रिताकुमारी बखेलको आदेशले पुर्पक्षका लागि थुनामा गए।

१७ वर्षीया बालकिालाई ०७९ पुस १८ गते घरैमा बलात्कार गरेको आरोपमा दाई नातापर्ने २१ वर्षीय युवकविरुद्ध पीडितका आफन्तले ०७९ माघ १ गते जिल्ला प्रहरी कार्यालयमा मुलुकी अपराध संहिता २०७४ को करणी सम्बन्धी कसुर अन्तरगत कारबाहीको माग गरी जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले ०७९ माघ ४ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण ०७९ माघ २ गते धुलिखेल अस्पतालमा गरिएको थियो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले माघ २३ गते जिल्ला अदालत पेश गरेकोमा न्यायाधीश रिताकुमारी बखेलको आदेशले पुर्पक्षका लागि थुनामा गए।

१६ वर्षीया बालिकालाई ०७९ माघ ६ गते बलात्कार गरेको आरोपमा पनौती नगरपालिका-४ बस्ने २५ वर्षीय सन्तोष बोलखेविरुद्ध पीडितका आफन्तले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ ९ गते भकुण्डेबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ ९ गते धुलिखेल अस्पतालमा भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले फागुन ३ गते जिल्ला अदालत पेश गरेकोमा न्यायाधीश रिताकुमारी बखेलको आदेशले पुर्पक्षका लागि थुनामा गए।

१७ वर्षीया बालिकालाई ०७९ माघ ७ गते बलात्कार गरेको आरोपमा खानीखोला गाउँपालिका-६ साल्धारा बस्ने ४२ वर्षीय तिर्थबहादुर थोकरविरुद्ध पीडित बालिकाको आफन्तले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ १० गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १० गते धुलिखेल अस्पतालमा भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले फागुन ३ गते जिल्ला अदालत पेश गरेकोमा न्यायाधीश मोहनराज भट्टराईको आदेशले पुर्पक्षका लागि थुनामा गए।

१६ वर्षीया बालिकालाई ०७९ पुस १९ गते बलात्कार गरेको आरोपमा मण्डनदेउपुर नगरपालिका-१ बस्ने दाईनाता पर्नेविरुद्ध पीडित महिलाकी आफन्तले माघ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ १९ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ २० गते धुलिखेल अस्पतालमा भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले फागुन २१ गते जिल्ला अदालत पेश गरेकोमा न्यायाधीश मोहनराज भट्टराईको आदेशले पुर्पक्षका लागि थुनामा गए।

**रामेछाप**

१४ वर्षीया बालिकालाई ०७९ माघ २७ गते बलात्कार गरेको आरोपमा सुनापति गाउँपालिका-२ का २६ वर्षीय रविन थापा मगरविरुद्ध पीडित पक्षले माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २८ गते प्रहरीले खाँडादेवी गाउँपालिका-१ खेरेनीबाट गिरफ्तार ग ऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण माघ २८ गते मन्थली अस्पतालमा भयो। प्रहरीले आरोपीलाई जिल्ला सरकारी वकिल कार्यालय माफृत् फागुन १७ गते जिल्ला अदालतल मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**सिन्धुली**

१४ वर्षीया बालिकालाई ०७९ पुस २० गते बलात्कार गरेको आरोपमा कमलामाई नगरपालिका-६ शिवनगरका २१ वर्षीय विशाल खत्रि विरुद्ध पीडित पक्षले पुस २६ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २६ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २६ गते सिन्धुली अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १७ गते जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश महेन› बहादुर कार्कीको माघ २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

१५ वर्षीया बालिकालाई ०७९ पुस १८ गते बलत्कार गरेको आरोपमा दुधौली नगरपालिका-१३ का अरुणठाकुरका २९ वर्षीय सुरज भन्ने सुर्यबहादुर बि.कविरुद्ध पीडित पक्षले पुस २८ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २८ गते सिन्धुली अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १८ गते जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश महेन› बहादुर कार्कीको माघ २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

१७ वर्षीया बालिकालाई ०७९ पुस २० गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ १ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १ गते गिफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १ गते सिन्धुली अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ २० गते जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश महेन› बहादुर कार्कीको माघ २१ गतेको इजलासले आरोपित बालकलाई बाल सुधार गृह सानोठिमि भक्तपुर पठायो।

चार वर्षीया बालिकालाई ०७९ माघ ७ गते बलात्कार गरेको आरोपमा १५ वर्षीय बालकविरुद्ध पीडित पक्षले माघ ८ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ८ गते सिन्धुली अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ २० गते जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश महेन› बहादुर कार्कीको माघ २५ गतेको इजलासले आरोपित बालकलाई बाल सुधार गृह सानोठिमि भक्तपुर पठायो।

११ वर्षीया बालिकालाई ०७९ फागुन २७ गते बलात्कार गरेको आरोपमा कमलामाई नगरपालिका-९ बथानचौडीका १८ वर्षीय अम्बर दनुवारविरुद्ध पीडित पक्षले चैत २ गते इलाका प्रहरी कार्यालय भिमानमा उजुरी दियो। प्रहरीले आरोपिलाई चैत २ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण ०७९ चैत २ गते सिन्धुली जिल्ला अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत २६ गते जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश महेन्द्रबहादुर कार्कीको चैत २७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

१३ वर्षीया बालिकालाई ०७९ फागुन ७ गते बलात्कार गरेको आरोपमा कमलामाई नगरपालिका-१ का ३४ वर्षीय बिसम्वर भोलनविरुद्ध पीडित बालिकाकी आमा ३२ वर्षीया सेतिमायाँ भोलनले चैत ३ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण चैत ३ गते सिन्धुली अस्पतालमा भयो। आरोपितलाई प्रहरीले ०७९ चैत ३ गते गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत २३ गते जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश महेन्द्रबहादुर कार्कीको चैत २४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

**मकवानपुर**

१६ वर्षीया बालिकालाई ०७९ पुस २३ गते बालिकालाई बलात्कार गरेको आरोपमा मकवानपुरगढी गाउँपालिका-५ बस्ने २२ वर्षको दिपक परियारविरुद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई पुस २५ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण पुस २४ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालतमा माघ ५ गते जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मनकुमारी जिएमको माघ १९ गते इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१६ वर्षीया बालिकालाई ०७९ माघ २१ गते राती बलात्कार गरेको आरोपमा १९ बर्षीय दाजुविरुद्ध पीडितले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ २६ गते गिरफ्तार गऱ्यो।

पीडितको स्वास्थ्य परीक्षण माघ २६ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् माघ २९ गते मकवानपुर जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र अधिकारीको फागुन १५ गते बसेको इजलासले आरोपिलाई पुर्पक्षका थुनामा पठायो।

नौ वर्षीया बालिकालाई ०७९ फागुन ११ गते दुर्व्यवहार गरेको आरोपमा भीमफेदी गाउँपालिका-१ सामरीका १९ वर्षीय पेम्मा दोर्जे तामाङविरुद्ध पीडितले फागुन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन २३ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २३ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २८ गते जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र अधिकारीको चैत १३ गतेको इजलासले आरोपिलाई पुर्पक्षका लागि थुनामा पठायो।

**चितवन**

१३ वर्षीया बालिकालाई ०७९ पुस २७ गते बलात्कार गरेको भन्दै रत्ननगर नगरपालिका-२ का २२ वर्षीय विजय कुमारविरुद्ध पीडितकी आमाले माघ ३ गते इलाका प्रहरी कार्यालय टाँडीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ ३ गते घरबाटै गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण माघ ३ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रितेन्द्र थापाको माघ २० गतेको इजलासले आरोपितलाई पूर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिकालाई २०७९ पुस २७ गते बलात्कार गरेको भन्दै भरतपुर महानगरपालिका-९ बस्ने ३१ वर्षीय सन्तोष क्षेत्रीविरुद्ध पीडितको आफन्तले फागुन ४ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन ५ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन ४ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत ५ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश वासुदेव न्यौपानेको चैत ६ गतेको आदेशले आरोपितलाई पूर्पक्षका लागि थुनामा पठायो।

१५ वर्षीया बालिका खैरहनी नगरपालिका-३ बस्ने विमला परियारलाई माघ २ गते सोही ठाउँ बस्ने ४२ वर्षीय चिरञ्जिवि वर्तौलाले यौन दुर्व्यवहार गरेको भनी पीडितको मामाले माघ २ गते इलाका प्रहरी कार्यालय खैरहनीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २ गते भरतपुर अस्पतालमा भयो। आरोपित माघ ३ गते आफ्नै घरबाट गिरफ्तार भए। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन १० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उद्धव भटराइको फागुन ११ गतेको इजलासले अभियोगबाट सफाइ दिएको छ।

तीन वर्षीया बालिकालाई २०७९ माघ ७ गते यौन दुर्व्यवहार गरेको भन्दै १३ वर्षीय बालकविरुद्ध पीडितकी आमाले माघ ८ गते खैरहनी इलाका प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ ८ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण माघ ८ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ २२ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रितेन्द्र थापाको माघ २३ गतेको आदेशले आरोपितलाई बाल सुधार गृह मकवानपुरमा पठायो।

११ वर्षीया बालिकालाई २०७९ माघ २२ गते यौन दुर्व्यवहार गरेको भन्दै खैरहनी नपा-३ बस्ने २५ वर्षीय च्याउरे भन्ने प्रितम गुरुङविरुद्ध पीडितको भाउजुले माघ २३ गते इलाका प्रहरी कार्यालय, खैरहनीम उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण माघ २३ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ २३ गते गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत १९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रितेन्द्र थापाको चैत २० गते बसेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ३ महिना कैद र १५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

६ वर्षीया बालिकालाई २०७९ फागुन ८ गते यौन दुर्व्यवहार गरेको भन्दै खैरहनी नगरपालिका-१३ का १९ वर्षीय कुन्दन शाह तेलीविरुद्ध पीडितकी आमाले फागुन ८ गते इलाका प्रहरी कार्यालय खैरहनीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन ४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ८ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत १ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश

रितेन्द्र थापाको चैत १ गते बसेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

१५ वर्षीया बालिकालाई २०७९ फागुन १३ गते यौन दुर्व्यवहार गरेको भन्दै खैरहनी नगरपालिका-६ का १९ वर्षीय दिपुकुमार शाहविरुद्ध पीडितका आफन्तले फागुन १४ गते इलाका प्रहरी कार्यालय खैरहनीमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १४ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फगुन ५ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई २०७९ फागुन १३ गते यौन दुर्व्यवहार गरेको भन्दै भरतपुर महानगरपालिका-१६ मंगलपुरका ३२ वर्षीय दिनेश परियारविरुद्ध पीडितका आफन्तले फागुन १४ गते जिल्ला प्रहरी कार्यालय भरतपुरमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १४ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १४ गते भरतपुर अस्पतालमा भयो।

१६ वर्षीया बालिकालाई २०७९ फागुन ९ गते यौन दुर्व्यवहार गरेको भन्दै १४ वर्षीय बालकविरुद्ध पीडितका आफन्तले फागुन १५ गते इलाका प्रहरी कार्यालय रत्ननगरमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत ३ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको सोही दिनको आदेशले आरोपित बालकलाई अविभावकको जिम्मा लगाएको थियो।

१५ वर्षीया बालिकालाई २०७९ फागुन २३ गते यौन दुर्व्यवहार गरेको भन्दै वालिङ नगरपालिका-६ बस्ने २३ वर्षीय रेमन गुरुङ र रत्ननगर नगरपालिका- १६ का २३ वर्षीया एलिसा मगरविरुद्ध पीडितका आफन्तले फागुन २४ गते इलाका प्रहरी कार्यालय रत्ननगरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २४ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितहरूलाई फागुन २४ गते गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत १९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत २० गतेको आदेशले आरोपितहरूलाई पूर्पक्षका लागि थुनामा पठायो।

१४ वर्षीया बालिकालाई ०७९ कात्तिक महिनाबाटै पटक पटक यौन दुर्व्यवहार गरेको र अन्तिम पटक फागुन १८ गते यौन दुर्व्यवहार भएको भन्दै भरतपुर नगरपालिका-१ बस्ने ५५ वर्षीय कृष्ण टण्डनविरुद्ध पीडित पक्षले चैत ७ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत ६ गते गिरफ्तार गऱ्यो। बालिकाका स्वास्थ्य परीक्षणे चैत ७ गते भरतपुर अस्पतालमा भयो। मुद्दा हाल प्रहरीमा अनुसन्धानको क्रममा रहेको छ।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार मानव बेचबिखन तथा ओसारपसार


### धादिङ

त्रिपुरासुन्दरी गाउँपालिका-३ की १६ वर्षीया बिमिसा बन्जरालाई भारतमा लगेर बन्दक बनाईएकि बालिका उद्धार गरिएसँगै त्रिपुरासुन्दरी गाउँपालिका ३ की २९ वर्षीया गिता न्यौपाने लाई माघ १५ गते, सोहीस्थानका ३९ वर्षीया कल्पना आलेमगरलाई माघ १५ गते, २१ वर्षीया सोनिका नेपालीलाई माघ १६ गते, सोधुखुम्बु जिल्ला सल्लेकी ३३ वर्षीया कमला परियाारलाई माघ १५ गते, त्रिपुरासुन्दरी गाउँपालिका १ का ३९ वर्षीय कोपिल परियारलाई माघ १५ गते, भारतीय नागरिक ३२ वर्षीया कविता पाण्डे मण्डललाई माघ १९ गते प्रहरीले गिरफ्तार गऱ्यो।

धादिङ मामाघरमा बस्दै आएकी बालिकालाई भारत पुऱ्याएर बन्धक बनाई राखेको अवस्थामा भारतको नयाँदिल्लीको रनहोलास्थित मंगलबजार गल्ली नम्बर २ को एक घरबाट प्रहरीले ०७९ माघ १७ गते उद्धार गरेर १९ गते नेपाल ल्याएको थियो।

नेपाल प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्यूरो, जिल्ला प्रहरी कार्यालय धादिङ, दिल्लीस्थित नेपाली राजदूतावास, भारतीय प्रहरी, किन इन्डिया लगायत संस्थासँगको सहकार्यमा उद्धार गरिएको थियो। पीडित बालिका ०७९ मङ्सिर १७ गतेदेखि धादिङस्थित मामाघरबाट हराएकी थिइन्। लामो समयसम्म पनि उनी सम्पर्कमा नआएपछि परिवारले पुस ६ गते बालिकाको खोजबिनका लागि जिल्ला प्रहरी कार्यालय धादिङमा निवेदन दिएका थिए। जिल्ला प्रहरी कार्यालय धादिङले माघ १० गते प्रहरीको मानव बेचबिखन अनुसन्धान ब्युरोलाई पत्राचार गरेको थियो। आरोपितहरूले पीडित बालिकालाई तान्त्रिक बाबा खुसी भएमा धेरै पैसा पाउने प्रलोभन देखाएर मङ्सिर १७ गते धादिङस्थित ममाघरबाट काठमाडौँमा ल्याएर पुस १८ गतेसम्म काठमाडौँमा बन्धक बनाइएर राखेका थिए। सोही क्रममा आरोपितले बालिकालाई पुस १९ गते पुन धादिङमा नै लगेर बालिकाको उचाई, तौल नाप गर्नुका साथै शरीरमा कुनै प्रकारको दाग वा टाटु र

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या**
**(जनवरी–मार्च २०२३)**




कुनै अ मा चोट नभएको र रजस्वला (मिन्स) नभएको जाँचबुझ गरेर पुस १९ गते बालिकालाई नेपाल–भारत सीमा सुनौली नाकाबाट दुई दिन लगाएर भारतको दिल्लीस्थित पाहाडगञ्जमा पुऱ्याएको थियो। मुद्दा माघ १५ गते जिल्ला प्रहरी कार्यालयमा मानव बेचविखन तथा ओसारपसार र सङ्गठित अपराधमा दर्ता गरिएको थियो।

पीडित बालिकालाई नयाँ दिल्ली पुर्याएपछि एउटा तान्त्रिक बाबाकोमा ३ पटक, अर्को तान्त्रिक बाबाकोमा २ पटक, एक बाबाकोमा १ पटक लगिएको थियो। पुर्णिमाको दिनमा (आईतबार) भेट्न ठिक्क पारिएको बालिकालाई पहिल्यै उद्धार गरिएकोले जीवन जोगाउन सकिएको जिल्ला प्रहरी कार्यालयका सुचना अधिकारी समेत रहेका खत्रीले बताए।

नेपालबाट भारत लगिएकाहरुलाई शरिरमा खत टाटु हुन नहुने, उचाई ५ फिट ३ ईन्च, तौल ५० देखि ६० किलोग्राम हुनुपर्ने, नापजाँच गरेको खिचेर तान्त्रिक बाबालाई पठाउने गरिएको भिडियो समेत प्रहरीले बरामद गऱ्यो। प्रहरीले आरोपितहरुबाट भिडियो, मोवाईल समेत बरामद गरेको छ। पीडित बालिकालाई प्रहरीले बयान प्रमाणित नगरुन्जेल जिल्ला प्रहरी कार्यालयमा राखेको थियो। प्रहरीले अनुसन्धानको क्रममा त्रिपुरासुन्दरी गाउँपालिकाका बलराम भन्ने रुपेन्द्र अधिकारीलाई ०७९ फागुन ५ गते गिरफ्तार गरी हिरासतमा लिएर अनुसन्धान अघि बढाएको छ। मुद्दाको अनुसन्धान जारी छ। आरोपितहरू हिरासतमा छन्।

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

### दोलखा

२७ वर्षीया महिलालाई ०७९ माघ २८ गते बलात्कार गरेको भन्दै भीमेश्वर नगरपालिका-२ का २८ वर्षीय मानबहादुर थामी र सोही ठाउँका ३५ वर्षीय सागर श्रेष्ठविरुद्ध पीडितले फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितहरूलाई फागुन २ गत घरैबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण ०७९ फागुन ५ गते पशुपति स्मृति अस्पताल चरिकोटमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन २९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको सोही दिनको आदेशले आरोपितहरूलाई पूर्पक्षका लागि थुनामा पठायो।

४० वर्षीया महिलालाई ०७९ फागुन २ गते बलात्कार गरेको भन्दै बैत्यश्वर गाउँपालिका-६ का ३८ वर्षीय मिनप्रसाद घिमिरेविरुद्ध पीडितले फागुन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। ०७९ प्रहरीले आरोपितलाई फागुन ५ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन ५ गते पशुपति स्मृति अस्पताल चरिकोटमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन २८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको सोही दिनको आदेशले आरोपितलाई पूर्पक्षका लागि थुनामा पठायो।

### सिन्धुपाल्चोक

२५ वर्षीया महिलालाई ०७९ पुस १९ गते बलात्कार गरेको आरोपमा ३२ वर्षीय जेठाजुविरुद्ध पीडितले ०७९ माघ १२ गते इलाका प्रहरी कार्यालय मेलम्चीमा उजुरी दिएकी थिइन्। प्रहरीले आरोपितलाई माघ १२ गते मेलम्ची बजारबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १२ गते प्राथमिक स्वास्थ्य केन्द्र मेलम्चीमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा

फागुन २ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

२५ वर्षीया महिलालाई ०७९ पुस १७ गते बलात्कार प्रयास गरेको आरोपमा बलेफी गाउँपालिका- ५ बिन्जेलका २८ वर्षीय रामहरी तिमल्सीनाविरुद्ध पीडितले ०७९ पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई पुस २४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण ०७९ पुस १९ गते चौतारा अस्पतालमा भयो। जिल्ला अदालतको माघ १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

५८ वर्षीया महिलालाई ०७९ पुस २० गते बलात्कार प्रयास गरेको आरोपमा बाह्रविसे नगरपालिका-४ का ६८ वर्षीय रेशबहादुर बुढाथोकीविरुद्ध पीडितले ०७९ पुस २६ गते इलाका प्रहरी कार्यालय बाह्रविसेमा उजुरी दिएकी थिइन्। प्रहरीले आरोपितलाई पुस २६ गते बाह्रविसे बजारबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २६ गते प्राथमिक स्वास्थ्य केन्द्र बाह्रबिसेमा भयो। जिल्ला अदालतको माघ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठाएको छ।

**धादिङ**

३७ वर्षीया अपाङ्गता सुत्केरी महिलालाई २०७९ माघ ११ गते बलात्कार गरेको आरोपमा ज्वालामुखी गाउँपालिका-४ ढोला बडडाँडाका ५५ वर्षीय अर्जुन प्रसाद दुवाडीविरुद्ध पीडितले माघ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ २७ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २७ गते धादिङ अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन १८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको सोही दिनको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

४५ वर्षीया एक महिलालाई ०७९ चैत १४ गते बलात्कार गरेको आरोपमा गजुरी गाउँपालिका-२ का २१ वर्षीय आईमान सिं तामाङविरुद्ध पीडितले चैत १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत १४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १४ गते धादिङ अस्पतालमा भयो। आरोपितलाई अनुसन्धानका लागि हिरासतमा राखिएको छ।

५४ वर्षिया एक महिलालाई ०७९ माघ ५ गते बलात्कार प्रयास गरेको आरोपमा थाक्रे गाउँपालिका-२ बस्ने ३५ वर्षीय बाबुराम भन्ने इन्द्र बहादुर तामाङविरुद्ध पीडितले माघ ६ गते इलाका प्रहरी कार्यालय गजुरीमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ ९ गते गिरफ्तार गऱ्यो। आरोपितले घरमा आएर बलात्कार प्रयास गरेको पीडितकोआरोप छ। पीडितको स्वास्थ्य परीक्षण माघ ९ गते धादिङ अस्पतालमा भयो। जिल्ला अदालतको फागुन २ गतेको आदेशले आरोपितलाई ३ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। मुद्दा विचाराधिन छ।

२६ वर्षीया महिलालाई ०७९ चैत ८ गते बलात्कार प्रयास गरेको आरोपमा धुनीबेसी नगरपालिका-४ का ६९ वर्षीय नरबहादुर कुँवरविरुद्ध पीडितले चैत ९ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिइन्। इलाका प्रहरी कार्यालय खानीखोलाको प्रहरीले आरोपितलाई चैत ९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ९ गते धादिङ अस्पतालमा भयो। आरोपित हिरासतमा छन्।

**नुवाकोट**

६१ वर्षीया महिलालाई ०७९ माघ २९ गते दुप्चेश्वर गाउँपालिका-२ गाउँखर्कका ५८ वर्षीय सुकुमान तामाङले बलात्कार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा ०७९ फागुन ८ गते उजुरी दिइन्। पीडितको फागुन ८ गते त्रिशूली अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित तामाङ फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर दिलिप हुमागाईले बताए।

५१ वर्षीया महलिालई ०७९ चैत ६ गते राती बलात्कार गरेको भन्दै ककनी गाउँपालिका-३ चाउँथेका ३९ वर्षीय ईश्वर घिमिरेविरुद्ध पीडितले चैत ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत ८ गते त्रिशूली अस्पतालमा भयो। आरोपित तामाङ फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर दिलिप हुमागाईले बताए।

१७ वर्षीया बालिकालाई ०७९ चैत ६ गते राती बलात्कार गरेको भन्दै ककनी गाउँपालिका-३ चाउँथेका २८ वर्षीय रामकुमार गजुरेलविरुद्ध पीडितले चैत ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण चैत ८ गते त्रिशूली अस्पतालमा भयो। आरोपित गजुरेल फरार रहेकोले खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर दिलिप हुमागाईले बताए।

६५ वर्षीया महिलालाई ०७९ माघ १६ गते यौन दुर्व्यवहार गरेको भन्दै ककनी गाउँपालिका-३ गौरी खर्क वडाका ४० वर्षीय दिलबहादुर तामाङविरुद्ध पीडितले माघ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण माघ २० गते त्रिशूली अस्पतालमा भयो। आरोपित तामाङ फरार रहेकोले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका इन्सपेक्टर दिलिप हुमागाईल

बताए।

**काठमाडौँ**

२० वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा प्रहरीले कन्चनपुरको बेलौरी नगरपालिका-९ घर भई काठमाडौँ महानगरपालिका-२९ न्युप्लाजा बस्दै आएका २२ वर्षीय राम अवतार राना र ३१ वर्षीय सुवेश रानालाई प्रहरीले ०७९ माघ १७ गते न्युप्लाजास्थित डेराकोठाबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई माघ ८ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त सिंहदरबारमा माघ १७ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ १७ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ १७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। अदालतले फागुन १४ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

२१ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले प्युठान जिल्ला नौबहिनी गाउँपालिका-६ घर भई हाल कीर्तिपुर नगरपालिका-९ पाँगा बस्दै आएका २९ वर्षीय बिक्रम सिंह रायमाझीलाई ०७९ माघ २७ गते मित्रनगरबाट गिरफ्तार गऱ्यो। आरोपितले आफूलाई माघ २७ गते नयाँ बसपार्कमा बलात्कार गरेको भन्दै पीडित स्वयंले प्रहरी वृत्त महाराजगंजमा माघ २७ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ २७ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ २९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले फागुन २४ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

२१ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले बझांङ जिल्ला जयपृथ्वी नगरपालिका-१२ घर भएका २६ वर्षीय प्रिन्स सुनारलाई ०७९ माघ २३ गते गौशालाबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई ०७९ पुस २७ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त गौशालामा माघ २३ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ २३ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ २८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले फागुन १२ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

२५ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले सिन्धुली जिल्ला दुधौली नगरपालिका-१२ घर भई हाल काठमाडौँ महानगरपालिका-५ चाबहिल ३२ वर्षीय सन्तोष आचार्यलाई ०७९ माघ २४ गते डेराकोठाबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई माघ ८ ते बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त गौशालामा माघ २४ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा माघ २४ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ २७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले फागुन २१ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

२२ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले डडेल्धुराको पर्शुराम नगरपालिका-६ घरभई हाल कीर्तिपुर नगरपालिका-९ पाँगा बस्ने २५ वर्षीय कमल धामीलाई ०७९ फागुन ३ गते गिरफ्तार गऱ्यो। आरोपितले काठमाडौं महानगरपालिका-३२ नरेफाँटमा फागुन १ गते बलात्कार गरेको भन्दै पीडितले जिल्ला प्रहरी परिसर काठमाडौँको महिला सेल कालिमाटीमा फागुन ३ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा फागुन ३ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन ४ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले फागुन २८ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

४६ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले काठमाडौँ महनगरपालिका-१७ खुसिंबुका ५० वर्षीय दिपक कुमार श्रेष्ठलाई ०७९ फागुन २८

गते गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई काठमाडौं महानगरपालिका-२ लाजिम्पाटमा माघ ९ गते बलात्कार गरेको भन्दै पीडितले जिल्ला प्रहरी परिसर काठमाडौँको महिला सेल कालिमाटीमा फागुन २८ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा फागुन २८ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत १० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

३५ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले झापाको कमल गाउँपालिका-७ घर भई हाल काठमाडौँ महानगरपालिका-२८ घट्टेकुलो बस्दै आएका ३५ वर्षीय पितृमान गुरुङलाई ०७९ फागुन १४ गते बौद्धबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई काठमाडौं महानगरपालिका-६ बौद्धमा फागुन ५ गते बलात्कार गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी परिसर काठमाडौँको महिला सेल कालिमाटीमा फागुन ३ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा फागुन १४ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन २६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

२३ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले तनहुँ जिल्ला घर भई हाल काठमाडौं महानगरपालिका-३१ नयाँ बानेश्वर बस्दै आएका २२ वर्षीय महम्मद वासिम युसुफ मियाँलाई ०७९ फागुन ८ गते डेराकोठाबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई फागुन ६ गते शंखरापुर नगरपालिका-९ सानागाउँमा बलात्कार गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त दरबारमार्गमा फागुन ८ गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा फागुन ८ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत २ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

४० वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा प्रहरीले दक्षिणकाली नगरपालिका-४ छैमले घर भएका ३३ वर्षीय हरिमान बम्जनलाई ०७९ पुस २० गते गिरफ्तार गऱ्यो। आरोपितले आफूलाई पुस १७ गते बलात्कार प्रयास गरेको भन्दै पीडितले पुस २० गते इलाका प्रहरी कार्यालय दक्षिणकालीमा उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन दक्षिणकालीबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा पुस २० गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा पुस २१ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा जिल्ला अदालतले माघ १५ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

३५ वर्षीया महिलालाई बलात्कार प्रयास गरेको आरोपमा प्रहरीले नुवाकोटको पन्चकन्या गाउँपालिका-४ घर भएका ३५ वर्षीय किरण कार्कीलाई ०७९ पुस २८ गते बालाजुबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडितलाई पुस २४ गते गते बलात्कार प्रयास गरेको भन्दै पीडितका आफन्तले प्रहरी वृत्त बालाजुमा पुस २८ गते गते उजुरी दिएपछि प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण थापाथलीस्थित प्रसुति गृहमा पुस २८ गते भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा पुस २९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतले सोही दिन ५ दिनको म्याद थप गर्दै अनुसन्धानका लागि आरोपितलाई हिरासतमा राख्न अनुमति दियो। सोही मुद्दामा अदालतले माघ २३ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

**भक्तपुर**

२२ वर्षीया महिलालाई ०७९ माघ १८ गते सूर्यविनायक-९ लाकुरी जंगलमा लगेर जबरजस्ती बलात्कार गर्न खोजेको भन्दै हुम्ला जिल्ला अदानचुली गाउँपालिका-३ घरभई भक्तपुर सूर्यविनयक बस्ने १९ वर्षीय गगन नेपालीविरुद्ध पीडितले माघ २२ गते प्रहरी वृत्त जगातीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण सोही दिन भक्तपुर अस्पतालमा भयो। आरोपितलाई प्रहरीले माघ २२ गते गिरफ्तार गऱ्यो। यो घटनाका हालसम्म अनुसन्धान भईरहेको छ।

२२ वर्षीया फरक क्षमता (सुस्त मनस्थिति) की महिलालाई ०७९ फागुन ९ गते चाँगुनारायण नगरपालिका स्थित सुनसान गेष्ट हाउसमा यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले फागुन १० गते प्रहरी परिसर भक्तपुरमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १० गते गिरफ्तार गऱ्यो। प्रहरीले गेष्ट हाउस सञ्चालक भक्तपुर चागुनारायण-५ बस्ने ४१ वर्षीय राजकुमार गिरीलाई समेत

गिरफ्तार गऱ्यो। सो घटनाको अनुसन्धान भइरहेको छ।

**काभ्रे**

३९ वर्षीया महिलालाई ०७९ पुस २१ गते बलात्कार गरेको आरोपामा आफ्नै ससुराविरुद्ध पीडितकी आमाले फागुन १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन १९ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन १९ गते शीरमेमोरियल अस्पतालमा भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले फागुन २९ गते जिल्ला अदालत पेश गरेकोमा न्यायाधीश राजेन्द्र नेपालको आदेशले पुर्पक्षका लागि थुनामा गए।

१८ वर्षीया महिलालाई ०७९ पुस १८ गते बलात्कार गरेको आरोपमा महाभारत गाउँपालिका-६ सिलोनटार बस्ने २३ वर्षीय भिमबहादुर लुङगेली मगरविरुद्ध पीडितको आफन्तले पुस २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई पुस २४ गते गाउँबाटै गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण पुस २४ गते धुलिखेल अस्पतालमा भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले माघ ५ गते जिल्ला अदालत पेश गरेकोमा न्यायाधीश राजेन्द्र नेपालको आदेशले पुर्पक्षका लागि थुनामा गए।

५४ वर्षीया महिलालाई ०७९ पुस १७ गते बलात्कार गरेको आरोपमा भुम्लु गाउँपालिका-३ आरुबोटकी बस्ने ४५ वर्षीय दावादोर्जे तामाङविरुद्ध पीडितका आफन्तले पुस १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले पुस १८ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण पुस १८ गते धुलिखेल अस्पतालमा भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले माघ १० गते जिल्ला अदालत पेश गरेकोमा न्यायाधीश मोहनराज भट्टराईको आदेशले पुर्पक्षका लागि थुनामा गए।

२१ वर्षीया महिलालाई ०७९ पुस २३ गते बलात्कार गरेको आरोपमा भुम्लु गाउँपालिका-७ पिपलटर बस्ने ३२ वर्षीय जनक परियारविरुद्ध पीडितका आफन्तले माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २३ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ २३ गते धुलिखेल अस्पतालमा भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले फागुन १० गते जिल्ला अदालत पेश गरेकोमा न्यायाधीश रिताकुमारी बखेलको आदेशले पुर्पक्षका लागि थुनामा गए।

२४ वर्षीया सुस्तमनस्थीतिकी महिलालाई ०७९ फागुन १ गते बलात्कार गरेको आरोपमा बेथानचोक गाउँपालिका-४ सुनपाती बस्ने ६२ वर्षीय धननर्बु तामाङविरुद्ध पीडितका आफन्तले फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन ८ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण फागुन  ८ गते धुलिखेल अस्पतालमा भयो। आरोपितलाई जिल्ला प्रहरी कार्यालयले फागुन २६ गते जिल्ला अदालत पेश गरेकोमा न्यायाधीश राजेन्द्र नेपालको आदेशले पुर्पक्षका लागि थुनामा गए।

**सिन्धुली**

२८ वर्षीया महिलालाई ०७९ पुस १८ गते बलात्कार गरेको आरोपमा दुधौली नगरपालिका-१३ का ४५ वर्षीय तेजबहादुर सुनुवरविरुद्ध पीडित पक्षले पुस २१ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २१ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २१ गते सिन्धुली अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा माघ ११ गते जबरजस्ती करणीको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश महेन्द्र बहादुर कार्कीको माघ १२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

४४ वर्षीया महिलालाई ०७९ माघ ११ गते बलात्कार गरेको आरोपमा मरिण गाउँपालिका-५ घर भएका ४० वर्षीय दिपक माझीविरुद्ध पीडितले माघ १५ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ १५ गते सिन्धुली अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फगुन ८ गते जबरजस्ती करणी गरेको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीश महेन्> बहादुर कार्कीको फगुन १० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो।

१९ वर्षीया महिलालाई ०७९ फागुन १० गते बलत्कार गरेको आरोपमा दुधौली नगरपालिका-११ का ४४ वर्षीय रन्जित कुमरविरुद्ध पीडित पक्षले फागुन २५ गते जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दियो। घटनापछि आरोपित फरार छन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २५ गते सिन्धुली अस्पतालमा भयो। उक्त घटना अनुसन्धानको प्रक्रियामा रहेको छ।

**मकवानपुर**

४९ वर्षीया महिलालाई ०७९ माघ २६ गते बलात्कार गरेको आरोपमा बकैया गाउँपालिका-४ गोलढुङ्गा ४५ वर्षीय लिला बहादुर वाइबाविरुद्ध पीडितले

माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ २८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २८ गते हेटौँडा अस्पतालमा स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन ३ गते मकवानपुर जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र अधिकारीको फागुन १५ गतेको इजलासले आरोपिलाई पुर्पक्षका लागि थुनामा पठायो।

१८ वर्षीया युवतीलाई ०७९ पुस २३ गते बलात्कार गरेको आरोपमा भारतको बिहार घरभई हेटौँडा उपमहानगरपालिका-४ मा डेरा गरी बस्ने २२ वर्षीय रजनिस राजविरुद्ध पीडितले फागुन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन १८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १८ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फात् फागुन २५ गते जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र अधिकारीको चैत १३ गतको आदेशले आरोपिलाई पुर्पक्षका लागि थुनामा पठायो।

**चितवन**

४५ वर्षीया महिलालाई २०७९ माघ १६ गते बलात्कार गरेको भन्दै माडी नगरपालिका-८ का १८ वर्षीय कृष्ण गुरुङविरुद्ध पीडितले माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ १७ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ १७ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन १४ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रितेन्द्र थापाको फागुन १५ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

३५ वर्षीया महिलालाई ०७९ माघ १५ गते बलात्कार गरेको भन्दै ४० वर्षीय नाताले देवर पर्नेविरुद्ध पीडितले माघ २२ गते इलाका प्रहरी कार्यालय रत्ननगर टाँडीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितलाई माघ २२ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा फागुन १६ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश निर्मला सुवेदीको फागुन १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

४६ वर्षीया महिलालाई ०७९ फागुन ८ गते बलात्कार गरेको भन्दै २९ वर्षीय छोराविरुद्ध पीडितले फागुन १२ गते इलाका प्रहरी कार्यालय खैरहनीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन १२ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन १२ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयको सहयोगमा आरोपितविरुद्ध जिल्ला अदालतमा चैत ५ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ६ गतेको आदेशले आरोपितलाई पूर्पक्षका लागि थुनामा पठायो।

२३ वर्षीया युवतीलाई ०७९ फागुन १६ गते बलात्कार गरेको भन्दै भरतपुर महानगरपीलिका-११ भोजाड बस्ने ३५ वर्षीय राजन हमालविरुद्ध पीडितले फागुन २१ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन २१ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितलाई फागुन २१ गते घरबाटै गिरफ्तार गऱ्यो। उक्त घटना अनुसन्धानको प्रक्रियामा रहेको छ।

## दुर्व्यवहार

**रसुवा**

३४ वर्षीय महिला सन्तोषी न्यौपाने पौडेललाई २०७९ चैत ९ गते टेलिफोनबाट गाली तथा दुर्व्यवहार गरेको आरोपमा कालिका गाउँपालिका-४ भदौरे बस्ने तारानाथ पौडेल, उनका भाइ नेपाल विद्युत प्राधिकरणका कर्मचारी विष्णुप्रसाद पौडेल, तारानाथकी पत्नी कालिका गाउँकार्यपालिका सदस्य समेत रहेकी दुर्गा भट्टविरुद्ध पीडितले चैत १२ गते इलाका प्रहरी कार्यालय कालिकास्थान र कालिका गाउँपालिका गाउँपालिका न्यायीक समितिमा उजुरी दिइन्। गाउँमा सडक तथा सामुदायिक भवन निर्माणका लागि उपभोक्ता भेला गर्ने, फोन तथा प्रत्यक्ष भेटको क्रममा मार्ने धम्की सहित अपशब्दले गाली गरेर दुर्व्यवहार गरेकोले कानुनी कारबाहीको लागि निवेदन दिएको पीडितले बताइन्।

## बोक्सी आरोपमा कुटपिट

**धादिङ**

सिद्धलेक गाउँपालिका-२ बिसटारी की ४७ वर्षीया हिरादेवी सिलवाललाई ०७९ पुस १७ गते 'बोक्सि'को आरोप लगाउँदै पति ५० वर्षीय बिरबहादुर सिलवाल, छोरीहरु २७ वर्षीय सीता सिलवाल, २४ वर्षीय सिर्जना सिलवालले कुटपिट गरे। आरोपितहरूविरुद्ध पीडितले जिल्ला प्रहरी कार्यालयमा इन्सेकको सहयोगमा पुस २० गते उजुरी दिइन्। पीडितको धादिङ अस्पतालको

ओसिएमसिमा पुस २४ गते इन्सेकको पहलमा उपचार भयो। पटक पटक कुटपिट गरेर घाइते भएको बताउने पीडित अस्पताल उपचार गरेर पुस १८ गते घर जाँदा घरभित्र बस्न नदिएर २ रात चिसोमा बाहिर बस्नुपरेपछि पुस २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। माइतिपक्षको संरक्षणमा बसेकी पीडितले आफुले हुर्काएको सन्तान र आफ्नो भनिएको पतिले घाईते हुनेगरि कुटेर घर निकाला गरेकोले न्याय दिलाउन इन्सेकसंग आग्रह गरेकी थिइन्। आरोपित र पीडितलाई प्रहरीले जिल्ला प्रहरी कार्यालयमा पुस २१ गते उपस्थित गराएर अनुसन्धानका लागि भनेर छाडेको छ। घरबाट विस्थापित पीडित माईतिमा आश्रय लिएर बसेकी छन्।

## सबै प्रकारका जातीय विभेद

**सिन्धुपाल्चोक**

जुगल गाउँपालिका-२ कुम्भेश्वरकी २८ वर्षीया रश्मीता बिसंखेलाई ०७९ पुस १७ गते जातीय विभेद गरी कुटपिट गरेको आरोपमा जुगल गाउँपालिका-२ का ३५ वर्षीय मिनबहादुर वाइबालाई प्रहरीले पुस १९ गते गिरफ्तार गऱ्यो। आरोपित वाइबाले कुम्भेश्वर स्थित मुलबाटोमा पीडितलाई व्यक्तिगत रिसइवीले 'सार्कीको सन्तान' भन्दै पटक पटक जातीय विभेद गरी कुटपिट गरेको पीडितको आरोप छ। पीडितले जातीय विभेदविरुद्ध पुस १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितले यस अघि पनि पटक पटक दलितको आरोपमा दुर्व्यवहार गर्दै आएको पीडितले बताइन्। घटनाको अनुसन्धान पुरा गरी प्रहरीले पुस २६ गते जिल्ला सरकारी वकीलको कार्यालय मार्फत् जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीस बिदुर कोइरालाको पुस २८ गतेको इजलाशले आरोपितलाई १५ हजार रुपियाँ धरौटीमा तारिखमा रिहा गर्ने आदेश दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
## भौतिक संरचनामा क्षति

**काठमाडौँ**

नेपाली कांग्रेस निकट नेविसंघका कायकर्ताले मिनभवनस्थित नेपाल कमर्स क्याम्पसमा ०७९ पुस २४ गते बेलुकी तोडफोड गरे। आफूहरूले भनेका विद्यार्थीहरू बीबीएको कोटामा भर्ना हुनुपर्ने भन्दै नेविसंघका नेता ३४ वर्षीय विश्वहरि खड्का र ३० वर्षीय रणेन› बोहोराले क्याम्पसमा तोडफोड गरे। तोडफोडबाट क्याम्पसका दुई ओटा प्रिन्टर, दुई ओटा कम्प्युटर र एउटा कुर्सीमा क्षति पुगेको थियो। घटनाका बारेमा क्याम्पस प्रसाशनले प्रहरी वृत तिनकुनेमा सोही दिन उजुरी उजुरी दिए। प्रहरीले ०७९ चैत १७ गतेसम्म पनि घटनामा संलग्न आरोपितलाई गिरफ्तार गरेको छैन।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**बागमती प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : गणेश भण्डारी, **संयोजन/सम्पादन** : सोम नेपाली

हेटौँडा उपमहानगरपालिका-२, संगमचोक, मकवानपुर, फोन : ०५७-५९०५५२

इमेल : hetauda@insec.org.np, Website : www.inseconline.org